# भरतपुर महानगरपालिकाको प्रशासकीय कार्यविधि

## (नियमित गर्ने) ऐन, २०७५

प्रमाणीकरण मितिः २०७५/०४/१२
स्थानीय राजपत्रमा प्रकाशित मितिः २०७५
२०७५ सालको ऐन, नं. ३

प्रस्तावनाः नेपालको संविधानको अनुसूचि ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानुन बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा १०२ को उपदफा (१) बमोजिम भरतपुर महानगरपालिकाको दोस्रो नगर सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भः** (१) यो ऐनको नाम भरतपुर महानगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ रहेको छ ।

२. **परिभाषाः** (१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेका यस ऐनमा,
   (क) "ऐन" भन्नाले भरतपुर महानगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ सम्झनु पर्छ ।
   (ख) "कार्यपालिका" भन्नाले भरतपुर महानगरपालिकाको नगर कार्यापालिका सम्झनु पर्छ ।
   (ग) "नगरपालिका" भन्नाले नेपालको संविधान बमोजिम गठन भएको भरतपुर महानगरपालिकाको नगरसभा सम्झनु पर्छ ।
   (घ) "सभा" भन्नाले संविधानको धारा २२३ बमोजिमको भरतपुर महानगरपालिकाको नगरसभा सम्झनु पर्छ ।
   (ङ) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ ।
   (च) "स्थानीय सरकार सन्चालन ऐन" भन्नाले संघीय संसदले बनाएको स्थानीय सरकार सञ्चालन ऐन, सम्झनु पर्छ ।

३. **नियम बनाउने अधिकारः** (१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम भरतपुर महानगरपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको निमित्त भरतपुर महानगरपालिकाको नगर कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

२०

(२) उपदफा (१) बमोजिम नियम बनाउँदा संघीय तथा प्रदेश कानुन बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्र पर्ने विषयमा मात्र बनाउनु पर्नेछ ।

४. **निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्ने:** (१) संविधान, ऐन तथा यस ऐन अन्तरगत बनेको नियमावलीको अधिनमा रही भरतपुर महानगरपालिकाको नगर कार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि र मापदण्ड बनाई लागू गर्न सक्नेछ ।